कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


आ.व.०८०/०८१
च.न.

प्रथम पटक सूचना प्रकाशन मिति २०८०/११/१०
दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/१२/१४

विषयः- सिबिआर कार्यक्रम संञ्चालनको लागि प्रस्तावना आव्हान सम्बन्धी सूचना !

यस कालिका नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना (सि.बि.आर.) सहयोग कार्यक्रम संञ्चालन सम्बन्धी मिति २०८०/११/१०मा प्रथम पटक १५ दिमको सूचना प्रकाशन गरि प्रस्तावना आब्हान गरिएकोमा तोकिएको मिति भित्र एउटा मात्र संस्थाको प्रस्तावना प्राप्त भएको र उक्त संस्थाको प्रस्तावना यथावत राखि थप प्रभावकारी र प्रतिस्धात्मक गरि सि.बि.आर. कार्यक्रम संञ्चालन गर्ने समितिको मिति २०८०/१२/१४ मा बसेको बैठकको निर्णय अनुसार कालिका नगरपालिका स्तरिय वा चितवन जिल्लाभर कार्यक्षेत्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुबाट कार्यक्रम संञ्चालनको लागि प्रस्तावना आव्हान सम्बन्धी दोस्रो पटक ७ (सात) दिनको लागि सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावनाहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>कार्यक्रम संञ्चालन गर्ने संस्थाले संञ्चालन गर्नुपर्ने कार्यहरु:</u>

क) कालिका नगरपालिकाबाट क वर्ग (रातो) परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुको संरक्षक वा अभिभावकहरुलाई सिप विकास तालिम र वस्तुगत टेवा उपलब्ध गर्ने गराउने।

<u>संस्थाले पेश गर्नुपर्ने आवश्यक कागजातः</u>

१. कार्यक्रम संञ्चालनको लागि प्रस्तावना र लागत साझेदारी समेत खुलाउने।
२. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको,नियमित नविकरण गरेको र विधानको फोटोकपी।
३. संस्था स्थानिय तहमा सूचिकृत भएको हुनपर्ने।
४. संस्था समाजकल्याण परिषदमा आवद्ध र नियमित नविकरण भएको प्रमाणपत्रको फोटोकपी।
५. गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन।
६. संस्थाले अपाङ्गताको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव हुनपर्ने।
७. संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर,ईमेल र ठेगाना भएको हुनुपर्ने।
८. संस्था र स्स्थामा काम गर्ने वर्तमान पदाधिकारी,कर्मचारी वा स्वयमसेवक कुनै लैङ्गिक तथा यौनदुव्यवहार, भेदभावजन्य कामहरु, भ्रष्टचार,गैरकानूनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको(स्वघोषणा-पत्र)हुनुपर्ने।

चुडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइट र वडा कार्यालयमा सूचना प्रेशित गरिदिनु हुन।
नोटः पेश भएका प्रस्तावहरुको स्वीकृत गर्ने/नगर्ने सि.बि.आर कार्यक्रम संञ्चालन समितिको निर्णय नै अन्तिम हुनेछ।


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np